*आ.व २०७९/०८० को ६ औं तथा समग्रमा ६६ औं गाउँ कार्यपालिका बैठक २०७९/११/२६ का निर्णयहरु(सन्क्षिप्तमा)*

१. ६५ औं गाउँ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा गरियो ।

२. हाल सम्मको वडा तथा गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थाको समिक्षा गर्दै हाल सम्म सम्झौता हुन नसकेका योजनाहरुको यथाशिघ्र कार्यान्वन प्रक्रिया अघि बढाउने

३. चालू आ.व २०७९।८० मा गाउँपालिकाको  हाल सम्मको आय\व्यय विवरण अनुमोदन तथा योजनाहरुको फरफारक\भुक्तानीको अनुमोदन गर्ने ।

४. गाउँपालिकाका कर्मचारीहरु र जनप्रतिनिधिहरुबीच थप समन्वय र सुसम्बन्ध वृद्धि गर्न यही मिति २०७९।१२।०२ गते कर्मचारी तथा जनप्रतिनिधि समन्वय बैठक आयोजना गर्ने ।

५. गण्डकी प्रशिक्षण प्रतिष्ठान, पोखराको आर्थिक सहयोग तथा परामर्शदाताहरुको प्राविधिक सहयोगमा तयार भएको गाउँपालिकाको राजश्व सुधार कार्ययोजना र लैसस रणनीतिको मस्यौदामा वडाहरुबाट प्राप्त सुझावहरु समेत समेटी स्वीकृत गरी भुक्तानीको लागि सिफारिस गर्ने ।

६. तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने ।

तपसिलः

- क. कार्यसम्पादनमा आधारित कर्मचारी प्रोत्साहन कार्यविधि, २०७९
- ख. क्याम्पस अनुदान सञ्चालन कार्यविधि, २०७९
- ग. गाउँपालिका शैक्षिक कोष सञ्चालन कार्यविधि, २०७९
- घ. नमूना विद्यालय छनौट तथा सञ्चालन कार्यविधि, २०७९
- ङ. प्रधानमन्त्री रोजगार साझेदारी बजेट सञ्चालन कार्यविधि, २०७९
- च. स्वस्थ्य बालबालिका प्रतियोगिता कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९

७. वडा नं ५ को कार्यालयका लागि ऐ. वडाका बासिन्दा गगन बहादुर थापा (नागरिकता नं ८३८) ले निःशूल्क रुपमा प्रदान गर्न मञ्जुर भएको २.५ रोपनी जग्गाको स्थलगत अनुगमन गरी उपयुक्त देखिएमा जग्गा प्राप्ति सम्बन्धी आवश्यक प्रक्रियाका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

८. चालू आ.व राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र विद्यालय समायोजन कार्यक्रमका लागि विनियोजित रकम अपुग भएकोमा  अन्य कुनै शिर्षकहरुबाट रकमान्तर गरी भुक्तानी दिने ।